CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #११
२८।१२।२०७६

भ्रामक समाचार, हल्ला र अफवाहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।


लकडाउनको समयमा दैनिक आवश्यकताहरु खरीद गर्दै




## अत्यावस्यकिय वस्तुको सरकारी तथा निजि डिपोमा रहेको मौजदात विवरण

| चामल | दलहन | चिनि | आयोडिन युक्त नुन |
|---|---|---|---|
| १,०२,५६९.५ मे.टन | १६,०८०.५४ मे.टन | ७२९४.५६ मे.टन | १,६१,६४३.०१ मे.टन |

पेट्रोलियम पदार्थ

| डिजेल | पेट्रोल | मट्टीतेल | हवाई इन्धन | एल.पि. ग्याँस |
|---|---|---|---|---|
| ३६,३७३ कि.लि. | ७,४०१ कि.लि. | २,५७४ कि.लि. | ७,०१० कि.लि. | ४५,३८१ मे.टन |

स्रोत: नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा चैत्र २७ मा अधावधिक

# हल्ला - तथ्य



कोरोना भाईरसबाट मृत्यु भयो भने मृतकका आफन्तलाई सदगत पनि गर्न दिईदैन रे । प्लास्टिकमा पोको पारेर सरकारले खाल्डोमा पुरिदिन्छ रे ।

कोरोनाको कारण मृत्यु भएको शव जथाभावी सदगत गर्नु हुदैन । तर, शवलाई अस्पताल/घरबाट अन्तिम संस्कार गर्न लैजानेक्रममा अस्पतालका कर्मचारी, सदगत गर्ने व्यक्तिहरु, एम्बुलेन्सका कर्मचारी, सदगतमा सहभागी हुने मृतकका आफन्तजनले पञ्जा, टोपी, मास्क सहितको पिपिइ प्रयोग गरी कुलधर्म अनुसार शवको सम्मान गर्दै सदगत गर्न मिल्छ । ६० वर्ष माथिका व्यक्तिहरु र दिर्घ रोगीहरूलाई भने शवको नजिक जानबाट रोक्नुपर्दछ । अन्य व्यक्तिले भने पालैपालो एक मिटर टाढाबाट हेर्न सक्छन् ।



स्थानीय सरकारले छुट्टै कोष खडा गरी राहत बाँड्ने भनेको छ । यो छुट्टै कोष भनेको के हो ? यसको कुनै हिसाब किताब हुदैन ?

संघिय सरकारबाट गएको सामानिकरण अनुदानको रकम र पालिकाको आन्तरिक कोष (बिनियोजित बजेटलाई रकमान्तर गरी बनाईएको कोष)को रकमलाई समेटेर एउटा छुट्टै राहत कोषको स्थापना गर्ने र सो कोषको रकम क्वारेन्टाईन व्यवस्थापन र राहत वितरणमा खर्च गर्नु भनेर मन्त्रालयले हरेक पालिकालाई निर्देशन दिएको छ । सो कोषको छुट्टै श्रेस्ता खडा गरी लेखापालन गर्नु भनेर महालेखा नियन्त्रणको कार्यालयले आदेश दिएको छ ।



अहिले स्वंसेवकको नाममा समुदायमा थुप्रै व्यक्तिहरुको सकृयता देखिन्छ । समुदायमा उनिहरुबाटै रोग सर्ने डर छ भन्छन नि ।

सरकारले कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि समुदायमा स्वयंसेवक परिचालन सम्बन्धी मार्गदर्शन २०७६ जारी गरेको छ । जस अनुसार, वडा अध्यक्षको संयोजनमा १ जना स्वास्थ्यकर्मी, १ जना महिला स्वास्थ्य स्वयंसेविका २-३ जना स्वयंसेवक र १ जना प्रहरी हुनुपर्ने मापदण्ड तय गरेको छ । स्थानीय स्तरको स्वयंसेवक छनौट गर्दा भने, उपलब्ध भएसम्म रेडक्रस, स्थानीय गैससका प्रतिनिधि, म्यादी प्रहरीमा काम गरेका वा पुर्व सुरक्षकर्मी, टोल समितिका कृयाशिल सदस्यलाई प्राथमिकता दिईने छ ।



लकडाउन पछि भारतले दैनिक उपभोग्य वस्तुको निर्यात रोकेकोले बजारमा ति वस्तुको अभाव हुदैछ भन्ने हल्ला छ । के यो कुरा साँचो हो ?

लकडाउनले दैनिक उपभोग्य सामानको निर्यातमा कुनै प्रभाव पारेको छैन । लकडाउन शुरु भएको पहिलो हप्ताको तुलनामा दोस्रो हप्ता खाद्यान्नको आयातमा ९.७%, दलहनको आयात ८७.७%, तरकारीको आयात ७०.२%, फलफूलको आयात २९३.१%, दुग्धजन्य पदार्थको आयात २४९% र औषधिको कच्चा पदार्थको आयात ६१.९% ले बढेको छ भने, तयारी औषधिको आयात ३९.९% ले घटेको छ । त्यसै गरेर देशभरका बिभिन्न भण्डारण केन्द्रमा दैनिक उपभोग्य वस्तुको प्रयाप्त मौजदात रहेकोले चिन्ता गरिहाल्नु पर्ने अवस्था छैन ।

## सूचनाका स्रोतहरु

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोभिड-१९ को अवस्थाअ

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपबाली | २३,११,०८८ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| ३,२८७ संक्रमित | ९१० संक्रमित | ८५५ संक्रमित | २,३७६ संक्रमित | २,६५९ संक्रमित | ४५७ संक्रमित | ४,११९ संक्रमित | १०,४२३ संक्रमित |
| ४ नेपाली संक्रमित | २ नेपाली संक्रमित | २२ नेपाली संक्रमित | २ नेपाली संक्रमित | ११ नेपाली संक्रमित | | १ नेपाली संक्रमित | |




ShramikSanjal

## तपाई युएईमा हुनुहुन्छ ? कोभिड-१९ को लक्षण देखिएमा वा शंका लागेमा के गर्ने ?

युएईमा कोरोना भाईरसको परिक्षण प्रकृया द्रुत गतीमा बढाईएको छ । अहिलेसम्म लगभग ६ लाख को हाराहारीमा परिक्षण गरिसकिएको छ । यदी तपाईलाई कोभिड-१९ लागेको शंका लागेमा के गर्ने ?

## Dubai Health Authority ले जारी गरेका प्रकृयागत नियम:

1. सबै भन्दा पहिले आफुलाई अरुको सम्पर्कबाट अलग राख्नुहोस ।
2. केही दिनदेखी आफुसंग सम्पर्कमा आएका व्यक्तिहरुलाई पनि अरुबाट अलग्गै बस्न भन्नुहोस ।
3. आफ्नो परिक्षणको लागि समय लिन Dubai Health Authority (DHA) लाई फोन गर्नुहोस् ।
4. DHA को फोन कलको प्रतिक्षा गर्नुहोस् ।

- खराब स्थिती देखीएमा वा धेरै नै गाह्रो भएको अवस्थामा सिधै एम्बुलेन्सलाई ९९९ अथवा ९९८ मा फोन गर्नुहोस् ।
- युएईमा बिभिन्न १३ ठाउँमा परिक्षण केन्द्रहरु खोलिएका छन् । आफ्नो पायक पर्ने ठाउँमा गएर ३७० दिरहाम तिरेर पनि कोरोना भाईरसको परिक्षण गर्न सकीन्छ ।

अबुधाबी: ८००-१७१७, दुबई: ८००-३४२, स्वास्थ्य तथा रोकथाम मन्त्रालय: ८००-११११११

accountabilitylab NEPAL

सही सूचना

# के हाल कोभिड – १९ को परिक्षण सुस्त गतिमा भईरहेको हो ?

डाटाको मितिः २४।१२।२०७६

७९४० क्वारेन्टाईनमा रहेको जम्मा जनसंख्या

२८४० जम्मा परिक्षण गरिएको संख्यात्र

क्वारेन्टाईमा रहेका व्यक्ति

क्वारेन्टाईन बेड




माथिको ग्राफलाई हेर्ने हो भने, उपलब्ध क्वारेन्टाईन बेड मध्ये २७% बेड भरिएको देखिन्छ । कोभिड – १९ को परिक्षण गरिएका व्यक्तिको संख्या र क्वारेन्टाईनमा रहेका व्यक्तिको संख्याको अनुपात १:२.५ छ । यसले संक्रमणको फैलावट रोक्न प्रयाप्त पहल नभएको देखाउछ । तथ्यांकलाई हेर्ने हो भने, सरकारले धेरै भन्दा धेरै व्यक्तिको परिक्षण गरी क्वारेन्टाईनमा राख्ने व्यवस्था गर्न जरुरी छ ।

## कर्णाली प्रदेश विपद व्यवस्थापन कोष



७९ स्थानीय तह

**१३.२ करोड रुपैया**



बीरेन्द्रनगर नगरपालिका
**३० लाख रुपैया**

२४ नगरपालिका
**४.५ करोड रुपैया**
२० लाख रुपैया प्रति स्थानीय तह

५४ गाउँपालिका
**८.१ करोड रुपैया**
१५ लाख रुपैया प्रति स्थानीय तह

accountabilitylab NEPAL

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्डटा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगाको
जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

**यसको परिक्षण कहाँ हुन्छ?**

यो रोगाको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौमा, भरतपुर, धुलिखेल, भैरहवा र अन्य सबै प्रादेशिक अस्पतालमा गारिन्छ । संकासपद् बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गारेर प्रयोगाशालामा पठाउनु पर्ने छ ।

**बिरामि आफै प्रयोगाशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?**

बिरामि सिधै यस प्रयोगाशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

**रिपोर्ट आउन कति समय लाग्छ?**

नमुना प्रयोगाशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गारिन्छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगाठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगाको संवादबाट संकलन गारिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गारीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219